"मीठे बच्चे– महावीर बन , मायाको तुफानसँग लड्नुको सट्टा अचल-अडोल बन।"

प्रश्नः– ब्रह्मा बाबाको सामुन्ने अनेक हंगामा भए तैपनि कहिल्यै दुःखी हुनु भएन, किन?

उत्तरः– किनकि ब्रह्मा बाबालाई नशा थियो– मैले बाबाबाट वर्सा लिनु छ। यो त सबै कल्प पहिला जस्तै भइरहेको छ, नथिंग न्यू। गाली त सबै भन्दा अधिक शिव बाबालाई मिल्यो। फेरि कृष्णलाई पनि गाली गर्छन्। यदि मैले पनि गाली खानु पर्यो त के ठूलो कुरा भयो? दुनियाँले हाम्रो कुरालाई जान्दैनन्, त्यसैले अवश्य गाली गर्छन्। बाबा कुनै पनि कुरामा दुःखी हुनुभएन। त्यसैगरी बाबालाई अनुसरण गर।

गीतः– भोलेनाथ से निराला....

ओम् शान्ति। यो भक्तिमार्गको गीत हो। ज्ञान मार्गमा गीत आदि गाइदैन, नत बनाइन्छ, न आवश्यक छ। किनकि गायन गरिएको छ– बाबासँग सेकेण्डमा जीवनमुक्तिको वर्सा मिल्छ। यसमा गीत आदिको कुरा नै छैन। तिमीले जानेका छौ– हामीलाई बेहदको बाबासँगबाट बेहदको वर्सा मिल्छ। जो भक्ति मार्गको रसम-रिवाज छ, त्यो यसमा आउन सक्दैन। बच्चाहरूले कविता आदि बनाउँछन्, त्यो पनि अरूलाई सुनाउनको लागि। त्यो पनि तिमीले नसम्झाएसम्म कसैले बुझ्न सक्दैन। अब तिमी बच्चाहरूलाई बाबा मिल्नुभएको छ, त्यसैले खुशीको पारा चढ्नुपर्छ। बाबाले ८४ जन्मको चक्रको ज्ञान पनि सुनाउनु भएको छ। खुशी हुनुपर्छ– अहिले हामी स्वदर्शन चक्रधारी बनेका छौं। बाबाद्वारा विष्णुपुरीको मालिक बनिरहेका छौं। निश्चयबुद्धि नै विजयी बन्छ। जसलाई निश्चय हुन्छ, ऊ सत्ययुगमा अवश्य जान्छ। त्यसैले तिमी बच्चाहरूलाई सदैव खुशी हुनु पर्छ, बाबालाई अनुसरण गर। बच्चाहरूले जानेका छौ– निराकार बाबा जबदेखि यस तनमा प्रवेश हुनुभयो, यिनको पासमा पनि धेरै हंगामा भए। भाइहरूको झगडा, शहरको झगडा, सारा सिन्धको झगडा चल्यो। बच्चाहरू ठूला भएपछि भन्छन्, चाँडो विवाह गर। विवाह विना काम कसरी चल्छ? गीता पढ्न मिस गर्दैनथें, जब थाहा भयो– गीताका भगवान शिव हुनुहुन्छ, अनि त्यो गीता पढ्न छुट्यो। फेरि नशा चढ्यो– म त विश्वको मालिक बन्छु। यो त शिव भगवानुवाच हो, त्यसैले त्यो गीतालाई छोडिदिएँ र फेरि पवित्रताको विषयमा ठूलो हंगामा भयो। भाइ, काका, मामा आदि कति थिए। यसमा बहादुरी चाहिन्छ नि। तिमी हौ नै महावीर महावीरनी। एक सिवाय अरू कसैको पर्बाह छैन। पुरुष हुन् रचयिता। रचयिता स्वयं पावन बनिरहेका छौ, त्यसैले रचनालाई पनि पावन बनाउनु छ। पवित्र हंस र अपवित्र बकुल्ला, सँगै कसरी रहन सक्छौ? रचयिताले त झट्ट हुकुम गर्छन्– मेरो मतमा चल्नु छ भने चल, नत्र निस्केर जाऊ। तिमीलाई थाहा छ– लौकिक बच्ची विवाह भएकी थिइन्। उनलाई ज्ञान मिल्यो, अनि भनिन् वाह! बाबा भन्नुहुन्छ– पवित्र बन, म किन नबनौं? जवाफ दिइन् पतिलाई– म विष दिन्न। बस्, यसै कुरामा नै धेरैको झगडा चल्यो। ठूला-ठूला घरका बच्चीहरू निस्किएर आए, कसैको पनि पर्बाह गरेनन्। जसको तकदिरमा छैन, उनले बुझ्न पनि सक्दैनन्। पवित्र रहनु छ भने रहन सक्छौ, नत्र गएर आफ्नो प्रबन्ध गर। यति हिम्मत पनि त चाहिन्छ नि। बाबाको सामुन्ने कति हंगामा भए। बाबालाई कहिल्यै दुःखी भएको देख्यौ! अमेरिकासम्म अखबारमा निस्कियो। नथिंग न्यू। यो त कल्प पहिले जस्तै हुन्छ, यसमा डराउने कुरा के छ? हामीले त आफ्नो बाबासँग वर्सा लिनु छ। आफ्नो रचनालाई बचाउनु छ। बाबाले जान्नुहुन्छ– सारा रचना यस समयमा पतित छन्। मैले नै सबैलाई पावन बनाउनु छ। बाबालाई नै सबैले भन्छन्– हे पतित-पावन, मुक्तिदाता आउनुहोस्। उहाँलाई नै दया लाग्छ। रहमदिल हुनुहुन्छ नि। बाबा सम्झाउनु हुन्छ– प्यारा बच्चाहरू! कुनै पनि कुरामा नडराऊ। डरायौ भने त्यति उच्च पद पाउन सक्दैनौ। अत्याचार, माताहरूमाथि नै हुन्छ। यो पनि निशानी हो। द्रौपदीलाई नंगन गर्छन्। बाबाले २१ जन्मको लागि नंगन हुनबाट बचाउनु हुन्छ। दुनियाँले यी कुरालाई जान्दैनन्। सद्गति दाता त म हुँ नि। मनुष्यको दुर्गति नभएसम्म म आएर कसरी सद्गति दिऊँ? पतित तमोप्रधान सृष्टि पनि बन्नु छ। हर चीज नयाँबाट पुरानो अवश्य हुन्छ। पुरानो घरलाई छोड्नै पर्छ। नयाँ दुनियाँ गोल्डेन एज, पुरानो दुनियाँ आइरन एज। सदैव नयाँ त रहन सक्दैन। तिमी बच्चाहरूले जानेका छौ– यो सृष्टिको चक्र हो। देवी देवताहरूको राज्य फेरि स्थापना भइरहेको छ। बाबा भन्नुहुन्छ– फेरि तिमीलाई गीता ज्ञान सुनाउँछु। यहाँ रावण राज्यमा दुःख छ। रामराज्य केलाई भनिन्छ? यो पनि कसैलाई थाहा छैन र बुझेका पनि छैनन्। बाबा भन्नुहुन्छ– म स्वर्ग अथवा

रामराज्यको स्थापना गर्न आएको छु। तिमी बच्चाहरूले अनेक पटक राज्य लियौ अनि फेरि गुमायौ। यो सबैको बुद्धिमा छ। २१ जन्म स्वर्गमा रहन्छौ, त्यसलाई भनिन्छ २१ पीढी अर्थात् जब बूढो हुन्छौ, अनि शरीर छोड्छौ। कहिल्यै अकालमा मृत्यु हुँदैन। अब तिमी मानौं त्रिकालदर्शी बनेका छौ। अहिले तिमीले जानेका छौ– हामीले जन्म-जन्मान्तर भक्ति गर्छौं। रावण राज्यमा पनि हेर कति तडकभडक छ। यो हो अन्तिम समयको शो। रामराज्य सत्ययुगमा हुन्छ। त्यहाँ यी विमान आदि सबै थिए, फेरि ती सबै लोप भए। फेरि यस समयमा सबै निस्केका छन्। अहिले त्यो सबै सिकिरहेका छन्। जसले सिकेका छन्, उनैले त्यो संस्कार लिएर जान्छन्। फेरि आएर त्यहाँ विमान बनाउँछन्। यसले तिमीलाई भविष्यमा सुख दिन्छ। यी विमान आदि भारतवासीले पनि बनाउन सक्छन्। नथिंग न्यू। बुद्धि त छ नि। यो साइन्स तिमीलाई फेरि काममा आउँछ। अहिले यो साइन्सबाट दु:ख पनि भएको छ, फेरि त्यहाँ सुखको प्राप्तिको लागि हुन्छ। त्यहाँ त हर चीज नयाँ हुन्छ। अहिले त नयाँ दुनियाँको स्थापना भइरहेको छ। बाबाले नै नयाँ दुनियाँको राजधानी स्थापना गरिरहनु भएको छ। त्यसैले बच्चाहरू महावीर बन्नु छ। दुनियाँमा यो कसैले कहाँ जानेका छन् र– भगवान आउनु भएको छ।

बाबा भन्नुहुन्छ– गृहस्थ व्यवहारमा कमल फूल समान पवित्र रहनु छ। यसमा डराउने कुरा छैन, गालीसम्म त गर्लान्। यिनलाई पनि धेरै गाली गरेका थिए। कृष्णले गाली खाए, यस्तो देखाउँछन्। अब कृष्णले त गाली खान सक्दैनन्। गाली त कलियुगमा खान्छन्। तिम्रो अहिले जुन रूप छ, फेरि कल्पपछि यसै समयमा त्यस्तै हुन्छ। बीचमा हुन सक्दैन। जन्म बाई जन्म अनुहार फेरिँदै जान्छ। एक आत्मालाई ८४ जन्ममा उस्तै अनुहार प्राप्त हुँदैन। सतो रजो तमोमा आउँदै जान्छन्, अनुहार फेरिँदै जान्छ। ड्रामा यस्तै बनेको छ। ८४ जन्ममा जुन चेहेराको जन्म लिएका छौ, उही लिन्छौ। अहिले तिमीले जानेका छौ– यिनको अनुहार परिवर्तन भएर अर्को जन्ममा यी लक्ष्मी-नारायण हुन्छन्। तिम्रो बुद्धिको ताला खुलेको छ। अब यो हो नयाँ कुरा। बाबा पनि नयाँ, कुरा पनि नयाँ। यो कुरा कसैको समझमा छिट्टै आउँदैन। तकदिरमा छ भने केही बुझ्छन्। महावीर कुनै तुफानसँग डराउँदैन। यो अवस्था अन्तिममा हुनु छ। त्यसैले गायन गरिएको छ– अतीन्द्रिय सुख सोध्नु छ भने गोप गोपिनीहरूसँग सोध। बाबा आउनु भएको हौं नै तिमी बच्चाहरूलाई स्वर्गको लायक बनाउन। कल्प पहिले जस्तै नर्कको विनाश त हुनु नै छ। सत्ययुगमा त एउटै धर्म हुन्छ। चाहन्छन् पनि– एकता होस्। एक धर्म हुनुपर्छ। यो पनि कसैलाई थाहा छैन– रामराज्य, रावण राज्य अलग-अलग हो। यहाँ विकार विना जन्म हुन सक्दैन। विकारी छन् नि। बाबामा निश्चय छ भने अब श्रीमतमा पूरा चल्नुपर्छ। हरेकको अवस्था पनि हेरिन्छ। त्यस अनुसार राय पनि दिइन्छ। बाबाले पनि बच्चालाई भने– यदि विवाह गर्नु छ भने गएर गर। धेरै मित्र-सम्बन्धी आदि छन्, उनले विवाह गराइदिन्छन्। त्यसैले हरेकको अवस्था हेरिन्छ। सोध्छन्– बाबा यस हालतमा छौं, हामी पवित्र रहन चाहन्छौं, हाम्रा सम्बन्धीले हामीलाई घरबाट निकाल्न चाहन्छन्। अब के गरौं? यो पनि सोध्ने कुरा हो र, पवित्र रहनु छ। यदि रहन सक्दैनौ भने गएर विवाह गर। ठीक छ, मानौं कसैको मगनी भएको छ। राजी गर्नु छ, केही छैन। विवाह हुँदा पनि भन्छन्– उहाँ तिम्रो पति, गुरु हुनुहुन्छ। ठीक छ, त्यतिबेला तिमीले उनीसँग लेखाउन सक्छौ। मान्छु– हजुर मेरो गुरु, ईश्वर हुनुहुन्छ, लेखाऊ। ठीक छ– अब मैले तिमीलाई हुकुम दिन्छु, पवित्र रहनु छ। हिम्मत चाहिन्छ नि। लक्ष्य धेरै उच्च छ। दुवै सँगै कसरी रहन सकिन्छ, यो सबैलाई देखाउनु छ। प्राप्ति धेरै बेजोडको छ। आगो तब लाग्छ, जब प्राप्तिको बारेमा थाहा हुँदैन। बाबा भन्नुहुन्छ– यति ठूलो प्राप्ति हुन्छ भने एक जन्म पवित्र रहन के ठूलो कुरा छ र? म तिम्रो पति ईश्वर हुँ। मेरो आज्ञामा पवित्र रहनु पर्छ। बाबाले युक्ति बताइदिनुहुन्छ। यहाँ यो काइदा छ, स्त्रीलाई भन्छन्– तिम्रो पति ईश्वर हुनुहुन्छ, उहाँको आज्ञामा चल्नुपर्छ। पतिको पाउ दबाउनु पर्छ किनकि सम्झन्छन्– लक्ष्मीले नारायणको पाउ दबाएकी थिइन्। यो रिवाज कहाँबाट निकालेका हुन्? यी झुटा चित्रहरूबाट। सत्ययुगमा त यस्तो कुरा हुँदैन। नारायण कहिल्यै थाक्छन् र, जसकारण लक्ष्मी बसेर पाउ दबाउँछिन्? थकावटको कुरा हुनै सक्दैन। यो त दु:खको कुरा हुन जान्छ। त्यहाँ दु:ख कहाँबाट आयो? कति झूटो कुरा लेखिदिएका छन्। बाबालाई बचपनदेखि नै वैराग्य हुन्थ्यो, त्यसैले भक्ति गर्थे। बाबाले बच्चाहरूलाई धेरै राम्रो युक्ति बताउनु हुन्छ। कुनै बच्चालाई सम्बन्धीले दिक्क पार्छन्। ठीक छ विवाह गर। स्त्री तिम्रो भइन्। फेरि कसैले केही गर्न सक्दैन। आपसमा मिलेर पवित्र बस, साथी भयौ। बेलायतमा वृद्ध भएपछि सम्हाल गर्नको लागि साथी राख्छन्। सिभिल विवाह गर्छन्। विकारमा जाँदैनन्। तिमीले जानेका छौं– हामी एक बाबाका बच्चा हौं, आपसमा भाइ-बहिनी भयौं। बाबासँग वर्सा लिन्छौं। बाबालाई बोलाउँछन् पनि– पतित दुनियाँमा। हे पतित-पावन, सबै सीताहरूका राम। मनुष्यले राम-राम जपिरहन्छन्, सीतालाई कहाँ याद गर्छन् र। उनी भन्दा ठूलो त लक्ष्मी हुन्। तर याद त एक बाबालाई गर्छन्। लक्ष्मी-नारायणलाई फेरि पनि जानेका छन्, शिवलाई त कसैले जान्दैनन्। आत्मा बिन्दु छ,

त्यसैले आत्माहरूका बाबा पनि बिन्दु नै हुनुहुन्छ नि। आत्मामा सारा ज्ञान छ। उहाँलाई भनिन्छ ज्ञानका सागर। तिमी आत्मा पनि ज्ञानसागर बन्छौ। ज्ञानसागर बसेर तिमी आत्माहरूलाई सम्झाउनु हुन्छ। आत्मा चैतन्य हो। तिम्रो आत्मा ज्ञानसागर बनिरहेको छ। सारा सृष्टिको आदि, मध्य, अन्त्यकौ ज्ञान तिमीलाई छ। मीठा-बच्चाहरूले हिम्मत राख्नु पर्छ। हामी बाबाको श्रीमतमा चल्नु पर्छ नि। बेहदका बाबाले बेहदका बच्चाहरूलाई स्वर्गको मालिक बनाउनु हुन्छ। बाबा भन्नुहुन्छ– तिमीले पनि आफ्नो रचनालाई हातमा राख। यदि बच्चाले तिम्रो आज्ञा मान्दैन भने बच्चा, बच्चा होइन। ॐ त कपूत ठहरियो। आज्ञाकारी, बफादार बच्चा छ भने वर्साको हकदार बन्न सक्छ। बेहदको बाबाले पनि भन्नुहुन्छ– मेरो श्रीमतमा चल्यौ भने तिमी यस्तो श्रेष्ठ बन्छौ। नत्र प्रजामा जान्छौ। बाबा तिमीलाई नरबाट नारायण बनाउन आउनु भएको छ। यो हो सच्चा सत्यनारायणको कथा। तिमी राजाई प्राप्त गर्न आएका छौ। मम्मा बाबा राजा रानी बन्नुहुन्छ, त्यसैले तिमीले पनि हिम्मत गर। बाबाले त अवश्य आफू समान बनाउनु हुन्छ नि। प्रजा बन्न राजी हुनु हुँदैन। पुरुषार्थ गर्नु छ– हामीले बाबासँग पूरा वर्सा लिन्छौं, समर्पित हुन्छौं। तिमीले उहाँलाई आफ्नो बच्चा बनायौ भने उहाँले तिमीलाई २१ जन्मको लागि वर्सा दिनुहुन्छ। बाबा बच्चाहरूमा समर्पित हुनुहुन्छ। बच्चाहरूले भन्छन्– बाबा यो तन-मन-धन सबै हजुरको हो। हजुर बाबा पनि हुनुहुन्छ भने बच्चा पनि हुनुहुन्छ। त्वमेव माताश्च पिता त्वमेव। एक बाबाको महिमा कति धेरै छ। दुनियाँमा यो कुरालाई कसैले जान्दैन। सारा कुरा यहाँको नै हो। तिमी बच्चाहरूले जानेका छौ– यो लडाइँ उही ५ हजार वर्ष पहिलेको जस्तै हो। अहिले स्वर्गको स्थापना भइरहेको छ। त्यसैले बच्चाहरू सदैव धेरै खुशीमा रहनु पर्छ। भगवानले तिमीलाई एडप्ट गर्नुभएको छ, त्यसैले तिमीलाई खुशी हुनु पर्छ। फेरि तिमी बच्चाहरूको शृंगार बाबाले गरिरहनु भएको छ। पढाउनु पनि हुन्छ। बेहदको बाबा ज्ञानको सागर हुनुहुन्छ। हामीलाई सारा सृष्टिको आदि मध्य अन्त्यको रहस्य सम्झाउनु हुन्छ। जसले बाबालाई नै जान्दैनन्, ती हुन् नास्तिक। तिमीले बाबा र रचनालाई जानेका छौ, तिमी हौ आस्तिक। लक्ष्मी-नारायण आस्तिक हुन् या नास्तिक? तिमीले के भन्छौ? तिमीले स्वयं भन्छौ– सत्ययुगमा परमात्मालाई कसैले याद गर्दैनन्। त्यहाँ हुन्छ सुख, सुखमा परमात्माको स्मरण गर्दैनन् किनकि परमात्मालाई जान्दैनन्। यस समयमा तिमी आस्तिक बनेर वर्सा पाइरहेका छौ। फेरि त्यहाँ याद नै गर्दैनौ। यहाँ याद गर्छन् तर उहाँलाई जान्दैनन्। त्यसैले नास्तिक भनिन्छ। त्यहाँ जान्दैनन्, त्यसैले याद पनि गर्दैनन्। उनीहरूलाई यो पनि थाहा हुँदैन– यो वर्सा हामीलाई शिवबाबासँगबाट मिलेको हो। तर उनलाई नास्तिक भनिदैन किनकि पावन हुन्छन्। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

धारणाको लागि मुख्य सारः–

१) श्रीमतमा चल्ने पूरा-पूरा हिम्मत राख्नु छ। कुनै पनि कुरामा डराउनु वा दुःखी हुनु छैन।

२) आफ्नो रचना आफ्नो हातमा राख्नु छ। उनलाई विकारबाट बचाउनु छ। पावन बन्ने सल्लाह दिनु छ।

वरदानः– शरीरलाई ईश्वरीय सेवाको लागि नासो सम्झेर कार्यमा लगाउने नष्टोमोहा भव

जसरी कसैको नासो छ भने त्यस नासोमा आफ्नोपन हुँदैन, ममता पनि हुँदैन। त्यसैगरी यो शरीर पनि ईश्वरीय सेवाको लागि एक नासो हो। यस नासोलाई बाबाले दिनु भएको हो, त्यसैले अवश्य रूहानी बाबाको याद रहन्छ। नासो सम्झिनाले आत्मिक भावना आउँछ, आफ्नोपनको ममता हुँदैन। निरन्तर योगी बन्ने, नष्टोमोहा बन्ने यही सहज उपाय हो। त्यसैले अब आत्मिक स्थितिलाई प्रत्यक्ष गर।

स्लोगनः– वानप्रस्थ स्थितिमा जानु छ त्यसैले दृष्टि-वृत्तिमा पनि पवित्रतालाई विशेष ध्यान देऊ।